# नेपाल राष्ट्र बैंकको सूचना

२०७२ साल वैशाख १२ गतेको भूकम्पपछि नेपाल राष्ट्र बैंक तथा विभिन्न बैंक तथा वित्तीय संस्थाको संरचना र पूर्वाधारमा क्षति पुगेको हुनाले यस बैंकले प्रदान गर्ने सेवा तथा बैंक तथा वित्तीय सेवाहरुले प्रदान गर्दै आएका समग्र बैंकिङ सेवाहरु निम्नानुसार प्रदान गर्ने व्यवस्था गरिएको व्यहोरा सरोकारवाला सबैमा जानकारीका लागि अनुरोध छ :

१. बैंक तथा वित्तीय संस्थाहरू र नेपाल सरकारलाई गर्नुपर्ने भुक्तानीहरू साविकमा नेपाल राष्ट्र बैंक, बैंकिङ कार्यालय थापाथलीबाट भइरहेकोमा उक्त सेवाहरू तत्कालको लागि बैंकको केन्द्रीय कार्यालय, बालुवाटारबाट उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।

२. नेपाल सरकारको खातामा जम्मा हुने राजस्व बुझ्ने कार्यहरू हाल बैंकिङ कार्यालय थापाथलीबाट हुन नसक्ने अवस्था भएकोले सरकारी कारोवार गर्न स्वीकृत प्राप्त वाणिज्य बैंकहरु (नेपाल बैंक लि., राष्ट्रिय वाणिज्य बैंक लि., कृषि विकास बैंक लि., एभरेष्ट बैं. लि., प्राइम कमर्सियल बैंक लि., एनएमबी बैंक लि., ग्लोबल आइएमइ बैंक लि., नेपाल बङ्गलादेश बैंक लि. र बैंक अफ काठमाडौ लि.) का सरकारी कारोबार गर्ने शाखामा गई राजस्व बुझाउनु हुन अनुरोध गरिन्छ । सम्बन्धित वाणिज्य बैंकहरुले यसै सूचनालाई यस बैंकको निर्देशन मानी राजस्व बुझ्ने आवश्यक व्यवस्था मिलाउनुहुन अनुरोध गरिन्छ ।

३. बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्ने अत्यावश्यक दैनिक बैंकिङ सेवाहरु आवश्यक परेमा विशेष व्यवस्था समेत गरी सुचारु गर्न गराउन सबै बैंक तथा वित्तीय संस्थाहरुलाई निर्देशन दिइसकिएको छ ।

४. यस बैंकद्वारा प्रदान गरिने सेवा तथा समग्र बैंकिङ सेवाबारेमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंकका प्रवक्ता डा. मीनबहादुर श्रेष्ठसँग मोवाइल नं. ९८५१०९८४११ मा अथवा सहप्रवक्ता श्री राजेन्द्र पण्डितसँग फोन नं ९८५११६३४४४ मा अथवा नेपाल बैंकर्स एसोसिएसनको फोन नं. ९८०१०२११४९ मा सम्पर्क राख्न हुन अनुरोध छ ।